# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ७  बाबियाचौर, म्याग्दी,  संख्या : १५  मिति : २०८१ साल फागुन २८


भाग-२

मंगला गाउँपालिका

## पशुपंक्षी पालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि, २०८० (प्रथम संशोधन, २०८१)

**प्रस्तावनाः**

पशुपंक्षी पालन कार्यक्रम अनुदान सम्बन्धी कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले मंगला गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम मंगला गाउँपालिकाले यो कार्यविधि बनाइ जारी गरेको छ ।

१. **प्रारम्भिकः** संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यबिधिको नाम "पशुपंक्षी पालन कार्यक्रम अनुदान सम्बन्धी कार्यबिधि, २०८० (प्रथम संशोधन, २०८१)" रहेको छ ।

ख) यो कार्यबिधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा

क) "मुल कार्यबिधि" भन्नाले पशुपंक्षी पालन कार्यक्रममा अनुदान सम्बन्धी कार्यबिधि, २०८० सम्झनु पर्दछ ।

३. **मूल कार्यविधिको** दफा छ मा संशोधनः

क) मूल कार्यविधिको दफा छ को खण्ड (ञ) मा 'च्यापकटर अनुदानमा वितरण कार्यक्रमको हकमा कृषकले २ वटा स्थानीय वा उन्नत जातको गाईगोरु/भैंसी/राँगो र ५ वटा बाख्रा पालेको हुनुपर्छ' भन्ने बुँढालाई परिमार्जन गरी "च्यापकटर अनुदानमा वितरण कार्यक्रमको हकमा कृषकले कम्तिमा २ वटा स्थानीय वा उन्नत जातको गाईगोरु/भैंसी/राँगो वा ५ वटा बाख्रा पालेको हुनुपर्छ र गत आ.व. मा कुनै पनि अनुदान प्राप्त नगरेको कृषकलाई विशेष प्राथमिकता दिने" बनाउने ।

**आज्ञाले,**
**गोपाल शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**